जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं। खेती गरेर उमारेका च्याउ खाने गरौं। जीवन सुरक्षित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ३४७ • २०८१ साल जेठ २ गते बुधबार (15 May, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संसदमा कांग्रेसको अवरोध

**टुडे समाचारदाता**

काठमाण्डु। संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिलाई वाचनमा अबरोध नगरेको नेपाली कांग्रेसले त्यसलगतै प्रतिनिधि र राष्ट्रिय सभाको बैठक चल्न दिएन्।

सहकारीको अर्बौ रकम अपचलनमा मुछिएका उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने सहितको छानबिनका लागि संसदीय समिति गठन नभएसम्म संसद चल्न नदिने अडानमा कांग्रेस कायमै छ।

सरकारले राष्ट्रपतिलाई धन्यवाद दिने प्रस्ताव समेत कांग्रेसको अवरोधको कारण टेबुल हुन सकेन्। राष्ट्रपतिको सम्बोधन लगतै दुवै सदनको छुट्टाछुट्टै बैठक बसेको थियो।

सत्तारुढ गठबन्धनमा रहेका प्रमुख तीनै दल एमाले, माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)संसदीय छानबिन समितिको विरुद्धमा छन्।

तर कांग्रेसले संसदीय छानबिन समिति गठन नभए सम्म दुवै सदनलाई चल्न नदिने चेतावनी दोहऱ्याएको छ। अवरोधको कारण जेठ ३ गते सम्मका लागि संसदको दुवै सदनको बैठक स्थगित गरिएको छ।

## नीति तथा कार्यक्रममा मधेश उपेक्षित

**टुडे समाचारदाता**



काठमाण्डु। सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम मंगलबार प्रस्तुत गरेको छ। २१७ बुँदे नीति तथा कार्यक्रममा मधेशलाई महत्व नदिएको देखिन्छ।

जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पहल गर्ने, प्रत्येक प्रदेशमा एक हजार गाई र भैंसी पानल क्षमता पूर्वाधारसहित स्रोत केन्द्र विकास गर्ने, तराई/मधेशका ३ लाख १८ हजार हेक्टर खेतीयोग्य जमिनमा क्लस्टरमा आधारित स्यालो तथा डिप ट्र्युबवेलबाट सिँचाइ सेवा विस्तार गरिने नीति लिएको छ। सरकारले प्रदेश र स्थानीय तहको सहकार्यमा लिफ्ट एवम् भूमिगत सिँचाइका लागि विद्युत् सुविधा उपलब्ध गराइने जनाएको छ।

त्यस्तै हुलाकी राजमार्ग निर्माण तथा स्तरोन्नति, जयनगर-बर्दिवास रेलमार्गको बिजलपुरा-बर्दिवास खण्ड निर्माण कार्यलाई तीव्रता, तराई-मधेश क्षेत्रमा थोक वितरण प्रणालीमार्फत खानेपानी आपूर्ति गर्न विस्तृत अध्ययन गर्नुका साथै डिप ट्र्युबवेल जडान गरी खानेपानी उपलब्ध गराउने नीति तथा कार्यक्रममा उल्लेख छ।

निर्वाचनको बेला मुलुक भित्रै रोजगारी सृजना गर्ने राजनीतिक दलहरुले घोषणा गरे पनि वैदेशिक रोजगारमा समेत जोड दिएको छ। सरकारले अन्य मुलुक संग श्रम नीति समेत पुनरावलोकन गर्ने जनाएको छ।

त्यस्तै सरकारले काठमाण्डुको मूलपानी, मोरङको विराटनगर र कैलालीको फाप्ला क्रिकेट रङ्गशाला निर्माणलाई तीव्रता दिइनेछ तर, मधेश प्रदेशका जनकपुरधाममा रहेका राम जानकी बहुउद्देश्यीय रंगशाला भने यस पटक पनि सरकारको नीति तथा कार्यक्रममा पर्न सकेको छैन्। सरकारले चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रङ्गशालाको निर्माण सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा अघि बढाइने जनाएको छ। कीर्तिपुर क्रिकेट रङ्गशालाको स्तरोन्नतिसहित थप निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइने जनाएको छ।

# एमाले र माओवादी नेतृत्वमा सरकार बन्ने सम्भावना कमजोर

**टुडे समाचारदाता**

काठमाण्डु। मधेश प्रदेशमा जनता समाजवादी पार्टी(जसपा)नेपालको नेतृत्वमा रहेको सरकार हटाउन समर्थन फिर्ता लिएको नेकपा एमाले र माओवादी केन्द्र सहितको सम्भावना कमजोर भएको छ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले एमाले र माओवादी सहितको गठबन्धनमा नरहेको प्रष्ट गरेसँगै सम्भावना कमजोर भएको छ।

जनमत पार्टीले मधेश प्रदेशमा आफ्नो नेतृत्वमा सरकार बन्नु पर्ने 'बटमलाइन' छाडेको छैन्। जनमत संसदीय दलका नेता महेश प्रसाद यादवले विगतमा भएको सहमति अनुसार पनि मधेश प्रदेशमा सरकारको नेतृत्व जनमतले गर्न पाउनु पर्ने बताए।

जनता समाजवादी पार्टी(जसपा)नेपाल बाहेकको नेतृत्वमा सरकार गठनबारे चरणबद्ध रुपमा विभिन्न दलहरुसित छलफल चलिरहेको उनले बताए। 'मधेश प्रदेशका अधिकांश सांसद र दलका नेताहरु काठमाण्डुमा नै रहेकाले यहीँ छलफल हुनेछ' उनले भने-'सरकार गठनका लागि शीर्ष नेताको सुझाव समेत अनिवार्य भएकाले काठमाण्डु आइपुगेको छु।' लोसपा मधेश प्रदेशका अध्यक्ष समेत रहेका सभासद जितेन्द्र सोनलले मधेशी दलको नेतृत्वमा नै सरकार गठनको पक्षमा रहेको बताएका छन्। 'मधेश केन्द्रित दलको नेतृत्वमा प्रदेश सरकार गठन गर्न जसपा नेपालको भूमिका महत्वपूर्ण छ' उनले भने-'जसपा नेपालले उदारता देखाए मधेश प्रदेशमा मधेशवादी दलको नेतृत्वमा सरकार गठन हुने पूर्ण सम्भावना छ।'

> 'नेकपा एमाले र माओवादी केन्द्र सहितको गठबन्धनमा नरहेको प्रष्ट गर्दै त्यस बाहेकको गठबन्धनको सरकारमा सहभागिता रहने छ' उनले भने-"कांग्रेस र जनमतको नेतृत्वमा सरकार गठन भए पनि आपत्ति हुने छैन्।

'नेकपा एमाले र माओवादी केन्द्र सहितको गठबन्धनमा नरहेको प्रष्ट गर्दै त्यस बाहेकको गठबन्धनको सरकारमा सहभागिता रहने छ' उनले भने-'कांग्रेस र जनमतको नेतृत्वमा सरकार गठन भए पनि आपत्ति हुने छैन्। तर अहिले सरकार सम्बन्धमा कुनै निर्णय भइनसकेको छैन्।' जेठ १३ गते पछि पार्टीले त्यस विषयमा निर्णयमा पुग्ने बताउँदै उनले मुख्यमन्त्री सरोज कुमार यादवलाई विश्वासको मत लिने समय ३० दिन रहेकाले त्यो भित्र नयाँ सरकार गठन हुन नसक्ने सोनलले बताए।

तर लोसपा संसदीय दलका उपनेता उपेन्द्र महतो र प्रमुख सचेतक रानी शर्माले एमाले, माओवादी दलका नेताहरुसित निरन्तर छलफलमा रहेका छन्।

नेपाली कांग्रेसले जसपा नेपाल समेतलाई समेटेर गठबन्धन सरकारको नेतृत्व गर्न प्रयासरत छ। दलका नेता कृष्णा यादवले नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसित भेटेर सरकार बनाउन सहयोग मागेका छन्।

जसपा नेपाल विभाजित नभए सम्म एमाले र माओवादीले सरकार बनाउन सहज छैन्। एमालेको २४, माओवादीको ९ र नेकपा एसको ७ मिले पनि सरकारका लागि चाहिने ५४ सदस्य पुग्ने छैन्। जनमतले मुख्यमन्त्री नपाए कांग्रेस नेतृत्वको सरकारलाई सघाउने सम्भावना बलियो छ।

नेकपा एस हाल सम्म जसपा नेपालसँगै रहेको छ। तर सुदूरपश्चिममा एमालेले एसका मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई विश्वासको मत दिने निर्णय मंगलवार गरेको छ। मधेश प्रदेशमा एमाले, माओवादीलाई नसघाए समर्थन फिर्ता लिन सक्ने भएकाले एसको धारणा परिवर्तन हुन सक्ने बताइन्छ। हुनत एसले बागमती, लुम्बिनी र गण्डकीमा सरकारलाई समर्थन नगरे एमाले, माओवादी गठबन्धनको सरकार धरापमा पर्नेछ।

जसपा नेपाललाई फुटाउने हरसम्भव प्रयासमा जसपा लागेको छ। मन्त्री बनाइएका प्रदीप यादव र रेणु यादवले जसपा नेपालको संसदीय दल फुटाउन सक्रिय छन्।






